# न्यायिक समिति वार्षिक प्रतिवेदन

## आ.व. २०७७/०७८

तयार गर्ने / प्रस्तुतकर्ता- कविता लम्साल

१. पृष्ठभूमी
२. परिचय
३. कार्यान्वयको संक्षिप्त अवस्था
४. कार्यान्वयनमा देखिएको प्रमुख चुनौति
५. सम्पादित कार्यहरू:-

- मेलमिलापकर्ताहरुको पूनः सूचीकृत
- मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि सम्बन्धी १ दिने अभिमुखीकरण तालिम
- मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि सम्बन्धी पुर्नताजकीय ३ दिने अभिमुखिकरण तालिम ।
- न्यायिक समितिको क्षेत्राधिकार भित्रका विवाद समाधान
- मेलमिलाप केन्द्रबाट सम्पादन भएको कामको मासिक मुल्यांकन तथा त्यहाबाट भएको कामको अनुगमन ।
- ०७७/७८ मा गाउँपालिकामा बनेका कानूनहरुको विवरण।

६. न्यायिक समितिको वार्षिक विवरण
७. मेलमिलाप केन्द्रको अनुगमन
८. मेलमिलाप केन्द्रको वार्षिक विवरण

# १ पृष्ठभूमी

- गाउँपालिकाको अधिकांश न्याय सम्पादन सम्बन्धी कार्यहरु तथा यहाँको निती निर्माणमा सहजीकरण गर्ने कार्य न्यायिक समितिबाट भएको छ ।
- तिन तहको संरचना बने पश्चात न्याय सम्पादनमा सहजीकरणको लागि प्रत्येक जिल्लामा अदालत , प्रदेशमा उच्च अदालत र संघमा सर्वोच्च अदालत गरी तिन तहको अदालत व्यवस्था भएकोमा हाल संघीयता पछि स्थानीय तहमा नेपालको संविधानको धारा २१७ ले गरेको व्यवस्था बमोजिम न.पा/र गा.पा.मा न्यायिक समितिको व्यवस्था भएको हो । यसरी स्थापना भएको न्यायिक समितिले यस गाउँपालिकाको स्थानीय स्तरको विवाद स्थानीय स्तरबाट समाधानको लागि न्याय सम्पादन सम्बन्धी सम्पूर्ण सेवाहरु वार्षिक कार्यक्रमको रुपमा न्यायिक समितिमा प्राप्त हुन्छन । यसरी प्राप्त भएका कार्यक्रमहरुको प्रभावकारीता र नतिजा तथा सूचांक र तथ्यांकलाई आधार मानेर आगामी कार्यक्रमहरु नीति निर्माण तहवाट निर्धारण भएका हुन्छन्।
- न्याय सम्पादन सम्बन्धी निती तथा कार्यक्रम कार्यन्वयनको लागि इन्द्रसरोवर गाउँपालिकाको न्यायिक समितिले ०७७/७८ मा सम्पादन भएका समग्र कार्यक्रमहरु, तिनको कार्यान्वयन स्थिति, न्याय सम्पादनमा भएका गतिविधि, वार्षिक विवरण र यसको समग्र अवस्थालाई हेरेर यो प्रतिवेदन तयार पारिएको छ । यो प्रतिवेदनको विषय न्याय सम्पादन सँग सम्बन्धित रहेको छ ।यस प्रतिवेदनको अध्ययनबाट न्यायिक समितिले गर्न सकेका काम र गर्न प्रयत्न गरिएका कामहरु देखिन्छन ।

# २ परिचय

राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्तिले देशको कानुन विपरितका कार्य नगरी स्वतन्त्र रुपमा जिवन जिउनु तथा अन्यायमा परेमा निश्पक्ष रुपमा न्याय पाउनु पर्नेछ ।नेपालको संविधानको धारा २० मा न्याय सम्बन्धी हकको व्यवस्था गरिएको छ ।जसमा प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निश्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । सुरुवाती समयमा न्यायको लागि धार्मिक रुपमा जुनसुकै कार्य गर्न हुने वा नहुने भनी व्यवस्था गरिएको थियो।विस्तारै मानव सभ्यताको विकास सँगै परिवर्तित हुँदै आएको यो समाजमा बसोबास गर्ने प्राणीमा पनि जति धेरै विकाश त्यति नै धेरै आवश्यकता भएकोले पनि विभिन्न प्रकारका घटनाहरु घटदै गएको पाइन्छ । त्यसै क्रममा न्याय निरुपण गर्ने क्रममा विभिन्न काल खण्डमा छुट्टाछुटै व्यवस्था भएको थियो । त्यसै क्रममा नेपालको पहिलो लिखित मुलुकी ऐन,१९१० को व्यवस्था पछि हाल मुलुकी देवानी संहिता,२०७४, मुलुकी फौजदारी सहिता, २०७४ सँगै स्थानीय स्तरमा नेपालको संविधानको धारा २१७ ले व्यवस्था गरेको न्यायिक समितिमा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि यँहाको स्थानीय स्तरमा भएका विवादहरु स्थानीय स्तरबाटै समाधान गर्ने प्रयास भइरहेको छ ।

मानिसहरु स्वतन्त्र रुपमा बाच्न र आफना आवश्यकता पुरा गर्न चाहन्छ ।मानव हामी स्वभावैले एउटा चेतनशील प्राणी हो । मानिस सक्रिय जीवन यापन गरिरहेका बेलामा होस् या असक्त अवस्थामा होस उसका आधारभूत मानवीय आवश्यकताहरु पूरा हुने सुनिश्चितता राखेको हुन्छन त्यसमा मानवले आफूलाई स्वतन्त्र भएको महशुस गर्न चाहेको हुन्छ हाल नेपालमा न्याय पाउने निकायहरुमा तल्लो तह, निकाय देखी माथिल्लो तह सम्ममा पनि अन्यायमा परेका वर्ग, अशक्त, असाहय, महिला, दलित, जनजाति लगायत विभिन्न वर्गहरुलाई समेटेर निःशुल्क कानूनी सहायताको लागि पहल गर्ने कार्यहरु भईरहेको छ ।साथै हाल साना तिना विवादको लागि सिधै अदालत जानु पर्ने वाध्यता नभएकोले स्थानीय स्तरमा नै न्यायिक समितिको व्यवस्था भएको छ । यस किसिमले न्यायबाट बन्चित भएर वा आफनो पिडा लुकाएर सधै पिडादायी जिवन विताउनु पर्ने वर्गलाई समेत न्याय पाएको अनभुती भएको महशुस गरिएको छ ।

# ३ कार्यान्वयनको संक्षिप्त अवस्था

- नेपालको संविधानको धारा २१७ मा व्यवस्था भएको न्यायिक समिति ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि इन्द्रसरोवर गाउँपालिकाको न्यायिक समितिबाट कार्य सम्पादन गर्ने क्रममा यस गाउँपालिकाको न्यायिक कार्यविधि ऐन, २०७५ को समेत प्रयोग गरिएको छ । साथै यस गाउँपालिकाको प्रत्येक वडा कार्यालयमा गठित मेलमिलाप केन्द्रबाट पनि न्याय सम्पादनमा सहजिकरण भएको छ ।
- नोटः मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि, २०७८ प्रकृयामा रहेको ।

# ४ कार्यान्वयनमा देखिएका प्रमुख चुनौतिहरू

- स्थानीय तहमा न्यायिक निकाय छ भन्ने पर्याप्त मात्रामा सुचना तथा प्रचारप्रसार गर्न नसकिएको ।
- कानून सम्बन्धी प्रचारप्रसारको कमीले विकट बस्तीका मानिसहरु अन्यायमा पर्दा समेत न्यायको लागि सम्बन्धित ठाउँमा पुग्न नसकेको ।
- टोल टोलमा मेलमिलापकर्ताको व्यवस्था गर्नको तालिम संचालन गर्न विश्व भरि फैलिएको कोरोनाको कारण गर्न नसकेको ।
- मेलमिलापको प्रकृयाबाट विवाद समाधान गर्दा दुवै पक्षलाई जीतको महशुस होस् भन्ने भएता पनि यसलाई जनशक्तिको कमीले प्रभावकारी बनाउन नसकिएको ।
- न्यायको लागि बजेट समेत कम पर्ने भएकोले निःशुल्क कानूनी सेवा प्रदान गर्न कठिनाइ भएको ।

# ५.न्यायिक समितिले सम्पादन गरेको कामहरू-

- मेलमिलापकर्ताहरुको पून: सूचीकृत ।
- मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि सम्बन्धी १ दिने अभिमुखीकरण तालिम ।
- मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि सम्बन्धी पुर्नताजकीय ३ दिने अभिमुखिकरण तालिम ।
- न्यायिक समितिको क्षेत्राधिकार भित्रका विवाद समाधान ।
- मेलमिलाप केन्द्रबाट सम्पादन भएको कामको मासिक मुल्यांकन ।
- ०७७/७८ मा गाउँपालिकामा बनेका कानूनहरुको विवरण।

| सि.नं. | कार्यक्रम | कुल बजेट | खर्च रकम | बाँकी बजेट | प्रगती प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि सम्बन्धी १ दिने अभिमुखीकरण तालिम | ७,००,००० । | ५२,४०० । | | | |
| २ | मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि सम्बन्धी पुर्नताजकीय ३ दिने अभिमुखिकरण तालिम । | ७,००,००० । | १,६६,३५० । | | | |

# मेलमिलापकर्ताको पून:सूचीकृत

स्थानीय स्तरका विवादहरु निरुपणमा सहजता होस भन्ने हेतुले इन्द्रसरोवर गाउँपालिकाको प्रत्येक वडा कार्यालयमा मेलमिलाप केन्द्रको गठन गरि गठित मेलमिलाप केन्द्रमा प्रत्येक वडाको मेलमिलाप केन्द्रमा ३/३ जनाको दरले मेलमिलापकर्ताहरुको सूचिकृतको लागि यस गाउँपालिकाको न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ५९ को प्रयोग गरि मेलमिलापकर्ताको सूचीकृत गरि पून: यस ऐनको दफा ६० को प्रयोग गरि मेलमिलापकर्ताको नविकरण गरि सूचिकृत गरिएको छ ।

## इन्द्रसरोवर गाउँपालिकाको सुचिकृत मेलमिलाप कर्ताहरुको विवरण

**वडा नं १**

1. सानु लामा – संयोजक
2. कान्छी गोले – सदस्य
3. बसन्ती स्याङ्तान – सदस्य

**वडा नं २**

1. ज्ञानीमाया स्याङ्तान – संयोजक
2. कमला भोम्जन – सदस्य
3. अनिता वि क – सदस्य

**वडा नं ३**

1. राजन कुमार ठकुरी – संयोजक
2. संगिता ब्लोन – सदस्य
3. सविना हुमागाइ – सदस्य

**वडा नं ४**

1. धिराज लामा – संयोजक
2. रेशम कुमारी घिसिङ – सदस्य
3. भिम बहादुर स्याङ्तान – सदस्य

**वडा नं ५**

1. सिताराम कार्की – संयोजक
2. दुर्गावती थोकर – सदस्य
3. इमान लो – सदस्य

# ▪ न्यायिक समितिको क्षेत्राधिकार भित्रका विवाद समाधान

- नेपालको संविधानको धारा २१७ बमोजिम न्यायिक समितिको स्थापना भएको हो । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको गठन र दफा ४७ को उपदफा १ र २ को अधिकार क्षेत्रको प्रयोग गरि विवादहरु निरुपणको लागि इन्द्रसरोवर गाउँपालिकाको न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ समेत व्यवस्था गरि विवादहरु निरुपण गरिएको छ । हाल मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ पनि बन्ने प्रकृयामा रहेको छ ।

## ▪ मेलमिलाप केन्द्रबाट सम्पादन भएको कामको वार्षिक मुल्यांकन

### मार्खु मेलमिलाप केन्द्रको वार्षिक प्रगति

मार्खु मेलमिलाप केन्द्रमा जम्मा ५ वटा विवाद परेकोमा २ विवाद मेलमिलाप भयो १ विवाद न्यायिक समितिमा पठाइएको र २ विवाद प्रकृयामा रहेको छ ।

### खानीखेत मेलमिलाप केन्द्रको वार्षिक प्रगति

खानीखेत मेलिमलाप केन्द्रमा जम्मा ५ वटा विवाद परेकोमा ५ वटा विवाद नै मेलमिलापको प्रकृया द्वारा समाधान भएको ।

### फाखेल पुरन्डी मेलमिलाप केन्द्रको वार्षिक प्रगति

फाखेल पुरन्डी मेलिमलाप केन्द्रमा जम्मा ५ वटा विवाद परेकोमा ५ वटा विवाद नै मेलमिलापको प्रकृया द्वारा समाधान भएको ।

### फाखेल मेलमिलाप केन्द्रको वार्षिक प्रगति

फाखेल मेलिमलाप केन्द्रमा जम्मा ७ वटा विवाद परेकोमा ५ वटा विवाद मेलमिलापको प्रकृया द्वारा समाधान भएको र २ विवाद प्रकृयामा रहेको छ।

# ▪ ०७७/७८ मा गाउँपालिकामा बनेका कानूनहरुको विवरणः-जम्मा१९

- वन ऐन २०७८
- स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८
- लघु, घरेलु तथा साना उद्योग दर्ता ,नविकरण , सञ्चालन र नियमन कार्यविधि २०७७
- कार्यसञ्चालन कार्यविधि, २०७७
- लैगिङ्ग हिँसा निवारण कोष (संचालन) नियमावली, २०७७
- सुचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्बन्धी कार्यविधि, २०७७
- इन्द्रसरोवर गाउँपालिकाको ढुंगा, बालुवा, माटो जस्ता खानी जन्य बस्तुकी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७
- इन्द्रसरोवर गाउँपालिकाको जलस्रोत उपयोग कार्यविधि, २०७७
- विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड २०७७
- इन्द्रसरोवर गाउँपालिका स्वयमसेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि, २०७७
- शिक्षक छनौट परिक्षा पारिश्रमिक दररेट, २०७७
- कृषि तथा पशुपन्छी व्यवसायीलाई सहकारी मार्फत ब्याज अनुदान ७० प्रतिशत कार्यविधि, २०७७
- पशु/कृषि/एकिकृत कृषि फर्म तथा समुह दर्ता कार्यविधि, २०७७
- अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०७८
- स्थानीय बाल संरक्षण कोष(सञ्चालन) कार्यविधि, २०७८
- राजश्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८
- बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यविधि,२०७८
- मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८
- संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८

# २. मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि सम्बन्धी १ दिने अभिमुखीकरण तालिम

**पृष्ठभूमीः -**

नेपालको संविधानको धारा २१७ मा भएको व्यवस्था बमोजिम स्थानीय तहमा न्यायिक समितिको व्यवस्था भयो ।गाउँपालिका स्तरमा उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहेको छ ।जसमा स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिकार क्षेत्र भित्र रहेका विवाद निरुपण गर्नको लागि सहज वातावरणको सिर्जना गर्नको लागि अधिकार क्षेत्र भित्रका विवादमा मेलमिलापको प्रकृया द्वारा १३ र निरुपण गर्नु पर्ने विवादमा ११ गरी जम्ममा २४ वटा विवाद रहेकोले इन्द्रसरोवर गाउँपालिकामा पनि सुशासन र न्यायको प्रत्याभूति होस् साथै स्थानीय स्तरका विवाद स्थानीय स्तरबाटै समाधानको लागि सहजता प्रदान गर्ने हेतुले गाउँपालिकाको प्रत्येक वडा कार्यालयमा एक मेलमिलाप केन्द्रको स्थापना भए पश्चात इन्द्रसरोवर गाउँपालिकाको न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ५९ अनुसार मेलमिलाप कर्ताको सूचिकृत गरी अघिल्लो आर्थिक वर्षमा ८ दिने आधारभूत तालिम, कानून सम्बन्धी ५ दिने तालिम दिए पश्चात पुन यस आर्थिक वर्षमा क्षमता अभिवृद्धिको लागि १ दिने अभिमुखीकरण तालिम सञ्चालन गरियो ।

# तालिमको उदेश्य:-

- न्यायिक समितिमा आएका उजुरीहरुको बारेमा जानकारी गराउने ।
- स्थानीय स्तरमा आएका उजुरीहरुलाई समाधान गर्ने उपाएको बारेमा जानकारी गराउने ।
- मेलमिलापको माध्यमबाट विवाद सधैंको लागि अन्त्य हुने उपाय सिकाउने ।
- मुद्दा मामिलाको झन्झटबाट मुक्त गर्ने ।
- विवादलाई छिटो समाधान गर्ने ।
- न्यायमा सबैको पहुँच पुर्याउन ।
- पक्षहरुलाई आफनो निर्णय गर्न सक्ने बनाउन ।
- एक अर्काको समस्या बुझने अवसर प्रदान गर्न ।
- सामुदायिक विवादबाट समाधानको बाटो खुल्ने वातावरण सिर्जना गर्ने ।
- मेलमिलापको संस्कृति बढाउन ।
- वैरभाव सदाको लागि समाप्त गर्न ।
- मेलमिलापकर्ताहरुको क्षमता र सिकाइमा उपलब्धी हासिल हुने ।




# मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि सम्बन्धी १ दिने अभिमुखिकरण तालिमको व्यानर





# मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम उद्घाटन समारोह

गाउँपालिकाका उपाध्यक्ष श्री उमाकुमारी लामा,प्रशिक्षकका रुपमा आउनु भएका प्रदेश स्तरीय मुख्य न्यायाधिवक्ता श्री ओम थपलिया, जिल्ला समन्वय समितिबाट आउनु भएका जिल्ला उपसभापति श्री भगवती पुडासैनी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री किरण निधी तिवारी , वडा नं. ४ का वडा अध्यक्ष श्री धनवीर स्याङतान र रेडियो बुलेटिनबाट आउनु भएको सहभागी अन्य उपस्थित कर्मचारी तथा मेलमिलापकर्ताहरु सहितले मेलमिलापकर्ताहरुको क्षमता अभिवैद्धि सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम उद्घाटन मा उपस्थित हुनु भएको तस्विर।

# अभिमुखीकरण कार्यक्रमका सहभागीहरु



# अभिमुखीकरण कार्यक्रमका सहभागीहरु



# अभिमुखीकरण कार्यक्रममा समापन पछि सहभागीहरु माझ लिइएको तस्विर







## ३. मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि सम्बन्धी पुर्नताजकीय ३ दिने अभिमुखिकरण तालिम ।

### पृष्ठभूमीः -

नेपालको संविधानको धारा २१७ मा भएको व्यवस्था बमोजिम स्थानीय तहमा न्यायिक समितिको व्यवस्था भयो ।गाउँपालिका स्तरमा उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहेको छ ।जसमा स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिकार क्षेत्र भित्र रहेका विवाद निरुपण गर्नको लागि सहज वातावरणको सिर्जना गर्नको लागि अधिकार क्षेत्र भित्रका विवादमा मेलमिलापको प्रकृया द्वारा १३ र निरुपण गर्नु पर्ने विवादमा ११ गरी जम्ममा २४ वटा विवाद रहेकोले इन्द्रसरोवर गाउँपालिकामा पनि सुशासन र न्यायको प्रत्याभूति होस् साथै स्थानीय स्तरका विवाद स्थानीय स्तरबाटै समाधानको लागि सहजता प्रदान गर्ने हेतुले गाउँपालिकाको प्रत्येक वडा कार्यालयमा एक मेलमिलाप केन्द्रको स्थापना भए पश्चात इन्द्रसरोवर गाउँपालिकाको न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ५९ अनुसार मेलमिलाप कर्ताको सूचिकृत गरी अघिल्लो आर्थिक वर्षमा ८ दिने आधारभूत तालिम, कानून सम्बन्धी ५ दिने तालिम, पुन यस आर्थिक वर्षमा १दिने क्षमता अभिवृद्धि सम्बन्धी तालिम र क्षमता अभिवृद्धिको लागि पुर्नताजकीय ३ दिने अभिमुखीकरण तालिम सञ्चालन गरियो ।

# तालिमको उदेश्यः-

- न्यायिक समितिमा आएका उजुरीहरुको बारेमा जानकारी गराउने ।
- स्थानीय स्तरमा आएका उजुरीहरुलाई समाधान गर्ने उपाएको बारेमा जानकारी गराउने ।
- मेलमिलापको माध्यमबाट विवाद सधैको लागि अन्त्य हुने उपाय सिकाउने ।
- मुद्दा मामिलाको झन्झटबाट मुक्त गर्ने ।
- विवादलाई छिटो समाधान गर्ने ।
- न्यायमा सबैको पहुँच पुर्याउन ।
- पक्षहरुलाई आफनो निर्णय गर्न सक्ने बनाउन ।
- एक अर्काको समस्या बुझने अवसर प्रदान गर्न ।
- सामुदायिक विवादबाट समाधानको बाटो खुल्ने वातावरण सिर्जना गर्ने ।
- मेलमिलापको संस्कृति बढाउन ।
- वैरभाव सदाको लागि समाप्त गर्न ।
- मेलमिलापकर्ताहरुको क्षमता र सिकाइमा उपलब्धी हासिल हुने ।




- मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि सम्बन्धी पुनर्ताजगि ३ दिने अभिमुखिकरण तालिमको व्यानर

# मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि सम्बन्धी पुर्नताजकीय ३ दिने अभिमुखीकरण कार्यक्रम उद्घाटन समारोह




गाउँपालिकाका अभ्यक्ष श्री जीवन लामा, उपाध्यक्ष श्री उमाकुमारी लामा, गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री किरण निधी तिवारी र वडा नं. २ का वडा अध्यक्ष श्री राजुमान महर्जन सहितले मेलमिलापकर्ताहरुको क्षमता अभिवैद्धि सम्बन्धी पुनर्ताजगि ३ दिने अभिमुखीकरण कार्यक्रम उद्घाटन गर्नुहुँदै ।

# अभिमुखीकरण कार्यक्रमका सहभागीहरु



# अभिमुखीकरण कार्यक्रमका सहभागीहरु



# अभिमुखीकरण कार्यक्रममा प्रमाण -पत्र वितरण गर्दाको तस्विरहरु












# अभिमुखीकरण कार्यक्रममा समान-पत्र वितरण गर्दाको तस्विरहरु

# ६. न्यायिक समितिको वार्षिक विवरण

## न्यायिक समिति

| सि.नं. | आ.व. | जम्मा विवाद संख्या | फच्छयौट विवाद/मेलमिलाप भएको विवाद संख्या | फच्छयौट हुन बाँकी विवाद संख्या | विचाराधिन रहेको विवाद | माथिल्लो निकायमा पठाइएको विवाद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०७७/७८ | १० | ६ | २ | ० | २ | |
| | | | | | | | |

# मेलमिलाप केन्द्रको वार्षिक विवरण

| सि.नं. | आ.व. | मेलमिलाप केन्द्रको नाम | विवादको संख्या | मेलमिलाप भएको विवाद | मेलमिलाप हुन नसकेको विवाद | माथिल्लो निकायमा पठाइए को विवाद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०७७/७८ | मार्खु मेलमिलाप केन्द्र | ५ | २ | २ | १ | - |
| २ | २०७७/७८ | खानीखेत मेलमिलाप केन्द्र | ५ | ५ | - | - | - |
| ३ | २०७७/७८ | फाखेल पुरण्डी मेलमिलाप केन्द्र | ५ | ५ | - | - | - |
| ४ | २०७७/७८ | फाखेल मेलमिलाप केन्द्र | ७ | ५ | २ | - | - |
| ५ | २०७७/७८ | सिस्नेरी मेलमिलाप केन्द्र | ० | ० | ० | ० | - |
| | जम्मा | | २२ | १७ | ४ | १ | |

# मेलमिलाप केन्द्रको अनुगमन

न्यायमा सबैको पहुँच पुर्याउनु, न्यायबाट कोही पनि बन्चित हुन नपरोस् र स्थानीय स्तरका विवादहरु निरुपणमा सहजता होस् भन्ने हेतुले इन्द्रसरोवर गाउँपालिकाको प्रत्येक वडा कार्यालयमा मेलमिलाप केन्द्रको गठन गरि गठित मेलमिलाप केन्द्रमा भएका कामकारवाहीको अवस्था र विवाद निरुपण गर्दा मेलमिलाप कर्ताहरुलाई के कस्ता समस्याहरु आइपरेका छन र ति समस्याहरुलाई समाधानको लागि केही सुझावहरुको आवश्यकता भएकोले यस गाउँपालिकाको न्यायिक समितिबाट मिति २०७७/१०/७ गते देखी १२ गते सम्म १ नं. वडा देखी ५ नं. वडासम्मको मेलमिलाप केन्द्रको अनुगमन गरियो ।

## १ देखि ५ न वडामा गठित मेलमिलाप केन्द्र

| | |
|---|---|
| मार्खु मेलमिलाप केन्द्र | वडा नं १ |
| खानीखेत मेलमिलाप केन्द्र | वडा नं २ |
| सिस्नेरी मेलमिलाप केन्द्र | वडा नं ३ |
| फाखेल पुरण्डी मेलमिलाप केन्द्र | वडा नं ४ |
| फाखेल मेलमिलाप केन्द्र | वडा नं ५ |

# मेलमिलाप केन्द्रको अनुगमनको तस्विर



# समाप्त

# धन्यवाद